# सर्वोच्च अदालत,विशेष इजलास
## माननीय न्यायाधीश श्री बलराम के.सी.
## माननीय न्यायाधीश श्री सुशीला कार्की
## माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**आदेश**

रिट नं.२०६७ —WS— ००१०

विषय : **उत्प्रेषण समेत** ।

अधिवक्ता चन्द्रकान्त ज्ञवाली समेत ..........................................................................निवेदक

विरुद्ध

व्यवस्थापिका संसद सचिवालय, सिंहदरवार काठमाडौं समेत ..............................................विपक्षी

प्रस्तुत आदेश पूर्णपाठ होइन । पछि तयार हुने पूर्णपाठको बुँदागत रुपको सारांशसम्म मात्र हो ।

यसमा निवेदक तर्फबाट स्वयं निवेदक विद्वान अधिवक्ता श्री चन्द्रकान्त ज्ञवाली, विद्वान वरिष्ठ अधिवक्ता श्री लक्ष्मीबहादुर निराला, विद्वान अधिवक्ता श्री माधवकुमार वस्नेत तथा प्रत्यर्थी रामचन्द्र पौडेलको तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री बद्रीबहादुर कार्की, श्री श्रीहरि अर्याल, श्री हरिहर दाहाल, श्री यज्ञमूर्ति बन्जाडे, विद्वान अधिवक्ताहरु श्री उपेन्द्र केशरी न्यौपाने, श्री शेरवहादुर के.सी., श्री युवराज भण्डारी, श्री यदुनाथ खनाल, श्री बाबुराम कुँवर एवं प्रत्यर्थी व्यवस्थापिका संसद सचिवालय समेतका तर्फबाट उपस्थित विद्वान सह–न्यायाधिवक्ता श्री किरण पौडेलले गर्नु भएको वहस समेत सुनियो ।

निवेदकले प्रधानमन्त्री पदका एक्ला उम्मेदवार रामचन्द्र पौडेल निर्वाचित हुन नसकेको हुँदा निजको प्रस्ताव संविधानसभा (व्यवस्थापिका संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २२ बमोजिम स्वतः रद्द हुनु पर्ने भन्ने समेत दावी लिएको देखियो । प्रधानमन्त्रीको निर्वाचन गर्ने कार्य विशुद्ध रुपमा विधायिका संसदको आन्तरिक काम कारवाही हुँदा व्यवस्थापिका संसदको आन्तरिक काम कारवाहीमा अदालतले हस्तक्षेप गर्नु उचित हुँदैन । विधायिका संसदभित्र प्रधानमन्त्री निर्वाचित हुने काम विशुद्ध संसदको आन्तरिक काम कारवाही हो । धारा ३८ (१)अनुसार सहमतीको आधारमा प्रधानमन्त्री निर्वाचित हुन नसकेको अवस्था धारा ३८ (२)मा जानु पर्ने हुन्छ । धारा ३८(२) अनुसार र संसदीय

प्रचलन, परम्परा र मान्यता अनुसार संसदको बहुमत प्राप्त गर्न सक्ने व्यक्ति मात्र प्रधानमन्त्री बन्न सक्छ। प्रधानमन्त्रीको पद कुनै संगठित संस्थाको साधारण सभाको कुनै पदाधिकारीलाई निर्विरोध घोषणा पद जस्तो पद होईन। प्रधानमन्त्रीको निर्वाचन संसदमा Composite Floor Test हुँदा बहुमतले Yeah Vote दिई बहुमत प्राप्त गर्न सक्नु पर्छ। यस्तो काम सभामुखले संसदभित्र संचालन गरी निर्णय गर्ने कुरा भएकोले विपक्षी रामचन्द्र पौडेलको उम्मेदवारीको सम्बन्धमा यस अदालतले बोल्ने विषय होईन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५६ मा व्यवस्थापिका संसदको विशेषाधिकारका सम्बन्धमा संवैधानिक व्यवस्था भै उपधारा (२) मा **"यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन"** भनी आन्तरिक काम कारवाहीमा धारा १०७(२) को यस अदालतको असाधारण अधिकारलाई बाहेक (Oust) गरिएको हुँदा विपक्षी रामचन्द्र पौडेलको प्रधानमन्त्रीको उम्मेदवारी सम्बन्धमा यस अदालतले हस्तक्षेप गर्न मिलेन।

निवेदकको अर्को माग संविधान सभा नियमावली, २०६५ को नियम ४१ र ४२ मा रहेको प्रधानमन्त्रीको निर्वाचनको प्रस्ताव निर्णयार्थ पेश हुँदा छलफलमा तटस्थ रही **"मत दिन्न"** भन्ने शब्द अमान्य गरी पाउँ भन्ने रहेछ। संविधानको धारा ३८(२) मा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा प्रधानमन्त्री निर्वाचन हुने भन्ने उल्लेख छ। संविधानको धारा ५५ मा व्यवस्थापिका संसदको बैठकमा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनेछ भन्ने ब्यवस्था छ। धारा ५५ मा भएको उक्त व्यवस्थाबाट बैठकमा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनुपर्ने प्रष्ट देखिन्छ। संसदीय परम्परा अनुसार विधायिका संसद भित्र प्रस्तावमा छलफल हुन्छ र उक्त प्रस्तावमा टुंगो लगाउँदा मतदान गर्ने गरिन्छ। मतदान हुँदा हुन्छ भन्ने र हुन्न भन्नेमा मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत हाली बहुमत कायम गरिन्छ। धारा ३८(२) र ५५ मा कतै पनि तटस्थ रही मत नदिने व्यवस्था भएको देखिँदैन। प्रधानमन्त्री निर्वाचनका सम्बन्धमा संविधानसभा (व्यवस्थापिका संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को परिच्छेद–४ को नियम ७ को विभिन्न उपनियमहरुमा गरिएको व्यवस्था हेर्दा समेत तटस्थ रही मत दिन्न भन्न पाउने व्यवस्थाहरु भएको नपाइदा संविधान र प्रचलित नियमावलीले प्रधानमन्त्रीको निर्वाचन प्रयोजनका लागि तटस्थ रहन पाउने र मत दिन्न भन्न पाउने प्रावधान रहेको देखिएन। विधायकहरु विभिन्न कारणले कानूनमा व्यवस्था भए बमोजिम शारीरिक रुपले अनुपस्थित रहन सक्छन् वा आफ्नो पार्टीको ह्वीप अनुसार प्रस्तावको विपक्षमा हुन्न भन्ने मत हाल्न सक्छन् तर शारीरिक रुपले उपस्थित हुने तर मतदान हुँदा **मत दिन्न** भनी Abstain हुने अवस्था हाम्रो संविधानको धारा ३८(२) र धारा ५५ लगायत संविधानको कुनै पनि धाराले परिकल्पना गरेको समेत देखिदैन।

तसर्थ संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम १६३ को आधारमा धारा ३८(२) अनुसार प्रधानमन्त्रीको निर्वाचन प्रक्रियामा संविधानसभा नियमावली, २०६५ पनि लागू हुने र धारा ३८(२) र धारा ५५ मा प्रस्तावमा मतदान हुँदा **मत दिन्न** भनी Abstain हुने व्यवस्था नै नभएको हुँदा संविधानसभा ( व्यवस्थापिका संसद कार्य सञ्चालन ) नियमावली, २०६५ को प्रयोजनको लागि सम्म संविधानसभा नियमावली, २०६५ को नियम ४१ र ४२ को विभिन्न उपनियमहरुमा रहेका तटस्थ रहन चाहने सदस्यहरुले "**मत दिन्न**" भन्ने शब्द संविधानको धारा ३८ (२) र धारा ५५ समेतको विपरित देखिएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम आजैका मितिदेखि लागू हुने गरी अमान्य र बदर घोषित गरि दिएको छ । प्रस्तुत विवाद संविधानसभा सम्बन्धी नभएकोले संविधानसभाको प्रयोजनको लागि संविधान सभा नियमावली, २०६५ को नियम ४१ र ४२ का विभिन्न उपनियमहरुमा परेको उल्लिखित **"मत दिन्न"** भन्ने शब्द बदर गरिरहनु परेन, कायमै रहन्छ । प्रस्तुत निवेदनको पूर्ण पाठ तयार गर्न समय लाग्ने हुँदा निवेदक तथा प्रत्यर्थीहरु समेतको जानकारीको लागि यो संक्षिप्त आदेश जारी गरिदिएको छ । विपक्षीहरुको जानकारीका लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाइ दिनु ।

**न्यायाधीश** **न्यायाधीश** **न्यायाधीश**

इति सम्बत् २०६७ साल पौष २ गते रोज ६ शुभम् ..............................................................।